# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मितिः २०७९।११।१४ गते ।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला डोल्पा, ठुलीभेरी नगरपालिकाका पदाधिकारीहरुले आ.व. २०७४/०७५ मा विनियोजन भएको रकम नगरपालिकाको विभिन्न योजनाहरु सम्झौता गरी कुनै पनि काम नगरी रकम हिनामिना गरेको भन्ने उजुरी निवदेन सम्बन्धमा अनुसन्धान हुँदा **ठुलीभेरी नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत केशव बहादुर सुनार, तत्कालीन इन्जिनियर बसन्त रोकाया र तत्कालीन सव-इन्जिनियर विकास खत्रीले** ठुलीभेरी नगरपालिका वडा नं. ५, ६ र ७ स्थित जुफाल-माझफाल मोटरबाटो निर्माण कार्यको वास्तविक भएको कामभन्दा बढी काम भएको अन्तिम विल र कार्य सम्पन्न प्रतिवेदन र नापी किताव प्रमाणितसमेत गरी सोही प्रतिबेदनको आधारमा रु.३२,२९,२७२।७३ बढी भुक्तानी गरी गैरकानूनी लाभहानी लिने/दिने उद्देश्यले कार्य गरेको र निजहरुको उल्लिखित कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ग) र (ङ) वमोजिमको कसुर भएकोले निजहरु निमित्त प्रमुख प्रशासकीय अधिकृत केशव बहादुर सुनार, इन्जिनियर बसन्त रोकाया र सव-इन्जिनियर विकास खत्रीलाई उल्लिखित कसूरमा बिगो रु.३२,२९,२७२।७३ (बत्तीस लाख उन्नतीस हजार दुई सय बहत्तर रुपैयाँ त्रीहत्तर पैसा) कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम कैद तथा जरिवानाको सजाय हुन एवं उल्लिखित बिगो रु.३२,२९,२७२।७३ मध्ये रु.१९,८६,५७५।- बैंकमा जम्मा गरिसकेको देखिंदा बाँकी रहेको बिगो रु.१२,४२,६९७।७३ निजहरुबाट ऐ. ऐनको दफा ८(१) बमोजिम असुल उपर हुन र फिल्डमा निर्माण भएको काम भन्दा बढी काम गरेको भनी गलत नापी किताव, अन्तिम विल र कार्यसम्पन्न प्रतिवेदन तयार गरी उक्त कार्य सम्पन्न प्रतिबेदन समेतलाई प्रमाणित गरी सोही अन्तिम विलको आधारमा बढी भुक्तानी गरेको देखिंदा निजहरु निमित्त प्रमुख प्रशासकीय अधिकृत केशव बहादुर सुनार, इन्जिनियर बसन्त रोकाया र सव-इन्जिनियर विकास खत्रीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) वमोजिमको कसुर गरेको हुँदा निजहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) वमोजिमसमेत सजाय हुन मागदाबी लिइएको छ।

यसैगरी **ठुलीभेरी नगरपालिका वडा नं. ५,६ र ७ स्थित जुफाल-माझफाल मोटरबाटो निर्माण योजनाको अनुगमन समितिका पदाधिकारीहरु कर्ण बहादुर रोकाया, काली सार्की, टोप बहादुर चनले** उक्त योजनामा नभएको कामसमेत भएको भनी नभए नगरेको कुरा देखाई गलत प्रतिवेदन पेश गरेको देखिन आएको आधारमा नगरपालिकाबाट उक्त योजनालाई रु.३२,२९,२७२।७३ बढी भुक्तानी भएको देखिएको हुँदा निर्माण योजना निरीक्षण तथा अनुगमन समितिका सदस्यहरु कर्ण बहादुर रोकाया, काली सार्की, टोप बहादुर चनलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) वमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) वमोजिम सजाय हुन मागदाबी लिइएको छ।

**साथै,** ठुलीभेरी नगरपालिका वडा नं. ५, ६ र ७ स्थित जुफाल-माझफाल मोटरबाटो **निर्माण उपभोक्ता समितिका अध्यक्ष प्रचण्ड विक्रम शाही, कोषाध्यक्ष सुना कामी र सचिव टोप वहादुर शाहीले** उक्त जुफाल-माझफाल मोटरवाटो निर्माण योजनामा नगरपालिकासँग भएको शर्त एवं सम्झौता विपरित फिल्डमा कम काम गरी नभए नगरेको कामलाई भए गरेको भनी वास्तविक भए गरेको कामभन्दा रु.३२,२९,२७२।७३ बढी वदनियतपूर्वक भुक्तानी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिम कसुर गरेको हुँदा निजहरुलाई रु.३२,२९,२७२।७३ (बत्तीस लाख उनानतीस हजार दुई सय बहत्तर रुपैया त्रिहत्तर पैसा) बिगो कायम गरी सोही ऐनको दफा ८(४) बमोजिम सजाय गरी उल्लिखित रकममध्ये रु.१९,८६,५७५।- निजहरुले बैंकमा जम्मा गरिसकेको देखिँदा बाँकी रहेको बिगो रु.१२,४२,६९७।७३ निजहरुबाट ऐ. ऐनको दफा ८(४) बमोजिम जफत हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता

श्याम प्रसाद भण्डारी